# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३१७ काठमाडौं शनिबार, ३ चैत २०८० Prabhab National Daily Saturday, March 16, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उभभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ,

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरूपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


# मानव विकास सूचकांकमा नेपालको प्रगति

- सूचकांक मान ०.६०१ सहित नेपाल १४६औं स्थानमा
- सन् २०२१ को तुलनामा प्रगति
- सूचकांकअनुसार नेपाल मध्यम मानव विकास श्रेणीमा

**काठमाडौं (प्रस)–** मानव विकास सूचकांक (ह्युमन डेभलपमेन्ट इन्डेक्स-एचडिआई) मा नेपालको अवस्थामा सुधार देखिएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले बिहीबार सार्वजनिक गरेको विश्वव्यापी मानव विकास प्रतिवेदनअनुसार नेपाल १४६औं स्थानमा छ ।

प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकांक मान ०.६०१ छ । जसअनुसार नेपाल मध्यम मानव विकास श्रेणीमा पर्दछ । सन् २०२१ मा नेपाल १४९औं स्थानमा थियो । सन् २०२१ को तुलनामा नेपालको मानव विकास सूचकांकमा ०.०१० ले प्रगति गरेको छ । जुन विश्वव्यापी औसत ०.००४ भन्दा बढी हो । मध्यम मानव विकास श्रेणी भन्नाले मानव विकास सूचकांकको मान ०.५५० देखि ०.६९९ बीचको श्रेणीलाई जनाउँछ ।

'सन् १९९० देखि २०२२ को बीचमा नेपालको जन्ममा सरदर आयु १५.७ वर्षले, विद्यालय जाने औसत वर्ष ५.४ प्रतिशतले र विद्यालय जाने अपेक्षित वर्ष २.१ वर्षले परिवर्तन भएको छ । यसैगरी, नेपालको प्रतिव्यक्ति कूल राष्ट्रिय आय (जिएनआई) करिब १६५.७ प्रतिशतले परिवर्तन भएको छ,' प्रतिवेदनमा भनिएको छ, 'सन् २०२२ मा महिलाको मानव विकास सूचकांक ०.५६२ र पुरुषहरूको ०.६३५ रहेको छ जसका कारण लैंगिक विकास सूचकांकको मान ०.८८५ हुन आउँछ ।'

प्रतिवेदनले असमान विकासको गतिले आर्थिक रूपमा कमजोरलाई झन् पछाडि धकेल्दै असमानता र राजनीतिक ध्रुवीकरण विश्वव्यापी स्तरमै बढ्दै गइरहेको उल्लेख गरेको छ । गतिरोधको अन्त्यः ध्रुवीकृत विश्वमा सहकार्यको पुनःकल्पना' शीर्षकको सन् २०२३/२४ को मानव विकास प्रतिवेदनले विश्वव्यापी मानव विकास सूचकांकमा आएको सुधारलाई आंशिक, अपूर्ण र असमान रहेको देखाएको छ । मानव विकास सूचकांकले कुनै पनि देशको प्रतिव्यक्ति कूल राष्ट्रिय आय, शिक्षा र औसत आयु मापन गर्दछ ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार वस्तुको विश्वव्यापी व्यापारको ४० प्रतिशत हिस्सा तीन वा त्योभन्दा पनि कम देशहरूमा केन्द्रित छ । सन् २०२१ मा विश्वका प्रत्येक तीनवटा ठूला प्रविधिसम्बन्धी कम्पनीहरूको बजार पुँजी ९० प्रतिशतभन्दा बढी देशहरूको कूल गार्हस्थ उत्पादन (जिडिपी)भन्दा बढी हुन पुगेको थियो । विश्वव्यापी असमानताहरूलाई आर्थिक केन्द्रिकरणले झन् बढाएको पनि प्रतिवेदनमा उल्लेख छ ।

'प्रतिवेदनले दुई दशकअघि धनी र गरिब राष्ट्रहरूबीचको असमानता घट्दै गइरहेको क्रम हाल उल्टिन गएको खुलासा गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले बिहीबार मध्यरातिदेखि लागू हुनेगरी पेट्रोलको मूल्यमा प्रतिलिटर एक रूपैयाँ र डिजेल/मट्टितेलको मूल्यमा प्रतिलिटर दुई रूपैयाँ घटाएको छ ।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १६८ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १७० रूपैयाँ र तेस्रो वर्गका लागि १७१ रूपैयाँ तोकेको छ । यस्तै डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १५५ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १५७ रूपैयाँ र तेस्रो वर्गका लागि १५८ रूपैयाँ कायम भएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायर रहेका छन् । इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट बिहीबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल र डिजेलको मूल्यमा प्रतिलिटर क्रमशः १.२२ रूपैयाँ र २.०६ रूपैयाँले घटेर आएको निगमले जनाएको छ ।

सुन तस्करी प्रकरण

# पूर्वउपराष्ट्रपतिका छोरा दीपेश पुन पक्राउ

- एमालेको मागमा बनेको उच्चस्तरीय छानबिन समितिको प्रतिवेदनको आधारमा पुन पक्राउ
- सुन प्रकरणमा सिआइबीको गम्भीर त्रुटि देखिएको भन्दै दीपेशलाई प्रहरीले नियन्त्रणमा लिएको हो
- चिनियाँ मूलका बेल्जियन नागरिक दावा छिरिङले अमला रोकामार्फत पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनको परिवारसँग सम्बन्ध बढाएको देखिन्छ



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुन तस्करी प्रकरणमा मुछिएका दीपेश पुन पक्राउ परेका छन् । हङकङबाट आएको भनिएको ६१ किलो सुन तस्करी अभियोगमा पुनलाई प्रहरीले शुक्रबार काठमाडौंको धापासीबाट पक्राउ गरेको हो ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले पुनलाई काठमाडौंबाट पक्राउ गरिएको बताए । पुन पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा हुन् । गत साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मोटरसाइकलको 'ब्रेक शु' मा ल्याएको सुन जोख्दा करिब ६१ किलो पुगेको थियो । बिहीबार गृहमन्त्रीसमक्ष पेस गरिएको सुन तस्करीसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनमा पनि पुनको संलग्नता औंल्याएको छ ।

६१ किलो सुन प्रकरणका मुख्य नाइके मानिएका बेल्जियन नागरिक दावाछिरिङसँगको सम्बन्ध देखिएपछि दीपेश प्रहरी अनुसन्धानको घेरामा थिए । दावाछिरिङ ठमेलस्थित होटल भियानाका मालिक हुन् । सुन प्रकरण बाहिरिएसँगै पुनको परिवारसँग दावाको तस्बिर सामाजिक सञ्जालमा छाएको थियो । रोल्पाकी अमला रोकासँग बिहे गरेकी दावाले पूर्वउपराष्ट्रपति पुनको परिवारसँग सम्बन्ध बढाएको देखिन्छ ।

दावा छिरिङमार्फत तस्करीमा उनको संलग्नताबारे प्रहरीले अनुसन्धान सुरू गरे पनि त्यतिबेला प्रहरी चुप बसेको थियो । चिनियाँ मूलका बेल्जियन नागरिक दावाछिरिङ र तिब्बती मूलका भारतीय नागरिक थुप्तेनछिरिङ लामाको नेपाली र भारतीय सुन कारोबारी तथा नेपाली नेताहरूसँगको सम्बन्ध देखिएको थियो । दावाले पुनको घरमा पुगेर भेटघाट गरेका, तिहारमा भाइटीका लगाएका तस्बिरसमेत सार्वजनिक भएका थिए । यो प्रकरणमा अमला भने फरार छिन् ।

## कांग्रेसले माग्यो गृहमन्त्रीको राजीनामा

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसले गृहमन्त्री रवि लामिछानेको राजीनामा माग गरेको छ । शुक्रबार कांग्रेसले प्रतिनिधिसभा बैठक अवरुद्ध गर्दै गृहमन्त्री लामिछानेको राजीनामा माग गरेको हो ।

शुक्रबार प्रतिनिधिसभाको दोस्रो बैठकमा सभामुख देवराज घिमिरेले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेलाई राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिएसँगै कांग्रेस सांसदहरूले संसद्को वेल घेराउ गर्दै गृहमन्त्रीको राजीनामा माग गरेका हुन् । उनीहरूले 'गृहमन्त्री राजीनामा दे, सहकारी पीडितलाई न्याय दे' लगायतका नाराबाजी गरी वेल घेराउ गरेका थिए । कांग्रेसको अवरोधपछि प्रतिनिधिसभा बैठक स्थगित भएको थियो ।

शुक्रबारको सुरूको बैठकमा कांग्रेस सांसद प्रदीप पौडेलले लामिछानेलाई नैतिकताका आधारमा राजीनामा दिन सुझाव दिएका थिए । 'सम्माननीय प्रधानमन्त्रीले प्रश्न भएका मान्छेलाई गृहमन्त्री बनाउनु हुँदैन थियो । ३१ हजार सहकारी बचतकर्ताको रकम फिर्ता दिनुपर्छ भन्ने माग छ । त्यस्तै अनुसन्धानमा परेको व्यक्ति सरकारको मुख्य पदमा रहँदा सहकारीपीडितको माग कसरी पुरा हुन्छ ?,' पौडेलले प्रश्न गरेका थिए । पौडेलले थपे, 'अनुसन्धानको घेराभित्र रहेको व्यक्ति सरकारको मुख्य पदमा रहँदा सहकारीपीडितको माग कसरी पूरा हुन्छ ? म प्रश्न गर्न चाहन्छु ।

(क्रमशः पृष्ठ २ मा)

### के हो सुन प्रकरण ?

गत साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिसकेको सुन राजस्व अनुसन्धान विभागले सिनामंगलबाट नियन्त्रणमा लिएको थियो । उक्त सुन प्रकरणमा असोज १९ गते जिल्ला अदालत काठमाडौंले ६१ किलो सुन तस्करी प्रकरणमा पक्राउ परेकामध्ये २५ जनालाई पुर्पक्षका लागि कारागार चलान गरेको थियो ।

जिल्ला न्यायाधीश माधवप्रसाद मैनालीको इजलासले रूकमिना सुब्बालाई पाँच लाख रूपैयाँ धरौटी लिएर छाड्न आदेश दिएको थियो । उक्त प्रकरणमा २९ जनाविरुद्ध मुद्दा चलाइएको थियो । थुनामा पठाइएका २५ आरोपीमध्ये सातजना चिनियाँ छन् । 'ब्रेक शु'सहित समातिएको सुन १९ दिन विभागले अनुसन्धान गरेर थप अनुसन्धानका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई जिम्मा दिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# 'श्रमिकलाई ठगी गर्नेलाई तत्काल कारबाही गरिन्छ'



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले श्रमिकलाई ठगी गर्नेलाई तत्काल कारबाही गर्ने बताएका छन् । शुक्रबार कोरिया रिटर्नीहरूसँग छलफल गर्दै मन्त्री अर्यालले कुनै पनि बहानामा कसैले श्रमिकलाई ठगी गरेमा तत्काल कारबाही गरिने बताएका हुन् ।

उनले भ्रष्टाचार नियन्त्रणमा कडा कदम चालिने बताए । भ्रष्टाचार गरेको प्रमाण ल्याएमा २४ घण्टाभित्रै कारबाही गरिने उनको प्रतिबद्धता छ । त्यस्तै, कोरिया रिटर्नीहरूको समस्या सम्बोधनका लागि फास्ट ट्र्याकमा प्रक्रिया अगाडि बढाइनेसमेत उनले बताए । 'तपाईंहरूको समस्याको विषयमा सम्बन्धित निकायहरूसँग बसेर छलफल गर्ने छु । आवश्यक परेमा तपाईंहरूलाई नै राखेर छलफल गराउने छु,' उनले भने ।

कोरिया रिटर्नीहरूले कोरिया जाने श्रमिकहरू इपिएसका कर्मचारीबाट ठगिएको गुनासो गरेका थिए । त्यस्तै, उनीहरूले रोस्टरमा रहेका रिटर्नी तथा महिलाहरूको फाइल कोरियाको रोजगार दातासम्म पुऱ्याउनुपर्ने, गत असार १० गते इपिएस नेपाल रिटर्नीहरूसँग गरेको सम्झौता कार्यान्वयन गर्नुपर्ने, साउन १२ गते इपिएस नेपाल र रिटर्नीहरूबीच भएको सम्झौता पनि कार्यान्वयन गर्नुपर्ने, इपिएस नेपालको ज्यादति र लुटतन्त्रलाई सुधार गराउनुपर्ने माग राखेका थिए ।

यसैबीच श्रममन्त्री अर्यालले कुवेतमा सवारी दुर्घटनामा परी मृत्यु भएका अछामका सुरतबहादुर कडायतका परिवारसँग भेट गरेका छन् । भेटमा सुरतका भाइ झम्कबहादुर कडायतले शवलाई घरसम्म पुऱ्याउने व्यवस्था गरिदिन तथा गन्तव्य मुलुकबाट पाउने क्षतिपूर्ति रकम सहजरूपमा प्राप्त हुने व्यवस्था गरिदिन आग्रह गरेका थिए । सुरतको मंगलबार कुवेतमा कार दुर्घटनामा परी मृत्यु भएको थियो ।

मन्त्री अर्यालले मन्त्रालयले आवश्यक प्रक्रियाका लागि वैदेशिक रोजगार बोर्डलाई निर्देशन दिएको बताए । मृतक श्रमिकको परिवारले पाउने सेवा सुविधालाई जतिसक्दो छिटो भुक्तानी गरिने प्रतिबद्धतासमेत उनले व्यक्त गरे ।

### इजरायली राजदूतको शिष्टाचार भेट

श्रममन्त्री अर्यालसँग नेपालस्थित इजरायली राजदूत हनान गोडर गोल्डबर्गरले शिष्टाचार भेट गरेका छन् । भेटका अवसरमा द्विपक्षीय श्रम सम्बन्धका विविध पक्षका बारेमा राजदूत हनानले मन्त्री अर्याललाई जानकारी गराएको मन्त्रालयले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# युएई पुगेका १९ नेपाली अलपत्र



**खोटाङ–** जन्तेढुंगा गाउँपालिका-५ चिसापानीका राजकुमार राई फेब्रुअरी १० तथा पर्शुराम राई फेब्रुअरी २३ तारिखमा वैदेशिक रोजगारीको सिलसिलामा संयुक्त अरब इमिरेट्स (युएई) पुगेका थिए । एकाघरका दाजुभाइ (पर्शुराम दाजु र राजकुमार भाइ) धन कमाउने सपनामा ऋण काढेर मेची इन्टरनेसनल ओभर्सिज प्रालि काठमाडौंमार्फत चार महिनाअघि युएई पुगेका हुन् ।

प्रतिव्यक्ति एक लाख ९९ हजार रूपैयाँका दरले एजेन्टलाई धरौटी रकम बुझाएर युएई पुगेका राई दाजुभाइसहित १९ नेपाली युवा तोकिएको काम र दाम नपाउँदा अहिले अलपत्र परेका छन् । कामदार करारनामा अनुसारको काम र पारिश्रमिक नपाउँदा उनीहरूसँगै सुर्खेतका भविष्य जिसी, पाल्पा तिनाउका देवसिं सुनारीमगर, उदयपुर गाईघाटका किशोर खत्री, गुल्मी मुसिकोटका हिमाल सरतुंगे, कालीकोटका जितेन्द्र शाही, नवलपरासीका सुनिल श्रेष्ठ, मोरङका करन सरदार, तेह्रथुमका लक्ष्मीप्रसाद दुलाल, दैलेखका मनबहादुर शाही, झापाका मिश्रीलाल दास, धादिङका तिलकबहादुर सुनार, सिन्धुपाल्चोकका खड्कबहादुर श्रेष्ठ, उदयपुरका मानबहादुर कार्की, गोरखाका आशबहादुर गुरुङ, मोरङका पदम नेपाल, नुवाकोटका लाक्पा तामाङ र कपिलवस्तुका मनोज थारू चार महिनादेखि अलपत्र परेका हुन् ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### पूर्वउपराष्ट्रपतिका छोरा...

यो प्रकरणमा दावाका सहयोगी किशोर बस्नेत भारतबाट पक्राउ परेका थिए । रामकुमार भुजेल, दिलीप भुजेल, हर्कराज राई, थाप्तेन छिरिङ, राजेन्द्र राई, अशोक लामा, जीक्वाङ लिन, राजन श्रेष्ठ, पुष्करराज भट्ट, कृष्ण श्रेष्ठ, यादव पराजुली, सुदर्शन गौतम, सन्तोष चन्द, कुमार ढकाल, सरोज श्रेष्ठ, सुरेन्द्र तामाङ, दावा छिरिङ, टीयान मि, वेन तोङ, डीङ सेग्फा, ली-नेङकाई, याओ पुचेङ, ली वेन सुङ, गणेश पौडेललगायत यही प्रकरणमा पक्राउ परेका छन् ।

### अनुसन्धानमाथि नै शंका

बिहीबार गृहमन्त्री रवि लामिछानेले सुन तस्करी जाँचबुझ आयोगले तयार पारेको ४८५ पृष्ठ लामो प्रतिवेदन बुझेका थिए । प्रतिवेदनमा सिआइबीबाट छानबिनका क्रममा गम्भीर त्रुटि भएको निष्कर्ष निकालिएको छ । सुन तस्करी छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको संयोजकत्वमा गठित जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन गृहमन्त्री लामिछानेले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई बुझाएका थिए ।

१४ असोजमा गठित जाँचबुझ आयोगले इलेक्ट्रिक सिगरेट (भेप), ब्रेक प्याडमा लुकाएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भएको सुन तस्करी लगायतबारे छानबिन गर्ने जिम्मेवारी पाएको थियो । प्रहरी अनुसन्धानमा शंका गर्दै त्यसबेला प्रतिपक्षमा रहेको नेकपा एमालेले निरन्तर संसद् अवरोध गरेपछि सरकार छानबिन गर्न उच्चस्तरीय आयोग बनाउन तयार भएको थियो ।

६१ किलो सुन तस्करी प्रकरणको अनुसन्धानका क्रममा १४ साउन २०८० मा पक्राउ परेका बेल्जियन नागरिक दावा छिरिङसँग प्रहरी उच्च अधिकृत, बिचौलिया, सरकारी कर्मचारीलगायतको सम्पर्क र सम्बन्ध देखिएको थियो ।

तर, ब्युरोले ती शंकास्पद व्यक्तिहरूमाथि गम्भीरतापूर्वक अनुसन्धान हुन नसकेको उच्चस्तरीय छानबिन समितिको निष्कर्ष देखिन्छ । बरामद सुन संगठित तरिकाले तस्करी भएको भन्दै राजस्वले सिआइबीलाई साउन २१ मा अनुसन्धानको जिम्मेवारी हस्तान्तरण गरेको थियो । ब्युरोले अनुसन्धान सुरू गरेपछि चिनियाँ नागरिक बस्ने डेरा र गोदामसहित १० ठाउँमा छापा मारेको थियो । सुन तस्करीबारे अनुसन्धान गर्न प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यको नेतृत्वमा समिति गठन गरिएको थियो । सिआइबीकी निर्देशकसमेत रहेकी उनलाई कारबाहीस्वरूप गृह मन्त्रालयले हेडक्वाटरमा तानेको छ । उनको ठाउँमा एआइजी श्यामलाल ज्ञवालीलाई पठाइएको नेपाल सरकारका प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताइन् । मन्त्रिपरिषद्को निर्णयबाट उनीहरूको जिम्मेवारी साटफेर गरिएको हो । ब्युरोले एसपी सञ्जयसिंह थापाको कमान्डमा टिम बनाएर साउन २२ देखि अनुसन्धान सुरू गरेको थियो । थापालाई पनि हेडक्वाटर तानिएको छ ।

■■■

### कांग्रेसले माग्यो ...

पीडितहरूको विश्वास जित्न नसकेको सरकारले वित्तीय संकटलाई कसरी समाधान गर्न सक्छ ? पीडितहरूले आन्दोलनबाट सिर्जना गर्ने अस्तव्यस्ततालाई उसले कसरी थेग्न सक्छ ? म आग्रह गर्न चाहन्छु मेरो मित्र माननीय गृहमन्त्रीज्यूलाई उच्च नैतिकताको आधारमा राजीनामा दिएर उदाहरण प्रस्तुत गर्नुस् ।'

कार्यसूचीमा प्रवेश गर्न खोजेपछि सुरूको बैठकमा कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले कुनै हालतमा अघि बढ्न नदिने अडान लिएका थिए, 'प्रधानमन्त्रीले जवाफ दिने हो कि प्रतिपक्षलाई सदन अवरोध गर्न बाध्य पारिएको हो। बाध्य पारिएको हो भने पनि त्यसो नगरियोस् । होइन भने प्रधानमन्त्रीको जवाफ नआएसम्म गृहमन्त्रीको कार्यसूचीमा प्रवेश गर्न दिँदैनौं,' लेखकले भनेका थिए । त्यसपछि बैठक केहीबेरका लागि स्थगित गरिएको थियो ।

■■■

### मानव विकास...

समाजहरूबीचको विश्वव्यापी अन्तरसम्बन्धका बाबजुद पनि हामी असफल हुँदै गइरहेका छौं । प्रतिवेदनले औंल्याएका चुनौतीहरूको सम्बोधन गर्न हाम्रा अन्तरनिर्भरताका साथै हाम्रा क्षमताको सबलीकरण गर्नुपर्छ,' युएनडिपीका प्रमुख अकिम स्टाइनरले भने, 'यसले ठूलो मानवीय क्षति निम्त्याउन सक्छ । जलवायु परिवर्तन, डिजिटीकरण वा गरिबी र असमानताको क्षेत्रमा सामूहिक रूपमा काम गर्न नसक्नुले मानव विकासमा बाधा पारेको छ । साथै ध्रुवीकरणलाई पनि तीव्र बनाउँदै विश्वभरका मानिस र संस्थाहरूमाथिको आस्था झन् कमजोर हुने खतरा छ ।'

युएनडिपीका आवासीय प्रतिनिधि आइशानी मेडागंगोडा लाबेले नेपालले विगत पाँच दशकमा प्रगति गरे पनि कोभिड महामारीपछि यो प्रगतिमा गतिरोध आएको बताए । 'युवाका लागि मर्यादित रोजगारी, स्थानीय र सामाजिक असमानता, आर्थिक वृद्धि, साथै संस्थामाथिको विश्वासमा गतिरोध आएको छ । तीनै तहका सरकारबीच मात्र नभई निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आम जनतासँग पनि सहकार्य गर्नु अपरिहार्य छ,' उनले भने, 'संघीय सरकारले पारदर्शिता, जवाफदेहिता र निष्ठामा बढी ध्यान दिनुपर्नेछ । प्रादेशिक र स्थानीय सरकारहरूले योजना र सेवा प्रवाह बढाउने, साथै नागरिक समाज संगठनले आशा र विश्वास पुनर्जीवित गर्न जनताको सहभागिता र आवाजलाई अझ प्रवर्द्धन गर्न सक्छन् । यसरी बहुपक्षीयताको मार्ग अवलम्बन गरे समाजमा सबैलाई फाइदा पुग्छ ।'

प्रतिवेदनले आजको युगमा विश्वव्यापीकरणको विकल्प नरहेको र आर्थिक अन्तरनिर्भरता उच्च रहेको उल्लेख गरेको छ । विश्वको कुनै पनि देश आफैंमा आत्मनिर्भर नरहेको र सबै देशहरू कम्तीमा २५ प्रतिशत वा कुनै एक प्रकारको वस्तु वा सेवाहरूको आयातमा निर्भर रहेको देखाएको छ ।

### श्रमिकलाई ठगी...

सो क्रममा जिटुजी प्रक्रियाबाट केयर गिभरका रूपमा नेपाली श्रमिकहरू इजरायल गइरहेकोमा भविष्यमा निर्माण, पर्यटन, कृषिलगायतका अन्य विभिन्न क्षेत्रमा नेपाली श्रमिक पठाउन द्विपक्षीय छलफल र समन्वयलाई प्रभावकारी बनाउँदै लैजाने विषयमासमेत कुराकानी भएको मन्त्रालयले जनाएको छ ।

यसै क्रममा इजरायलमा कार्यरत रहँदा इजरायल गाजा क्षेत्रमा जारी द्वन्द्वको क्रममा मृत्यु भएका नेपाली श्रमिकहरूको परिवारलाई क्षतिपूर्तिबापत मासिकरूपमा भत्ता रकम उपलब्ध गराउने इजरायल सरकारको निर्णयबारे राजदूतले जानकारी गराएको विज्ञप्तिमा उल्लेख छ । इजरायल सरकारको उक्त निर्णयप्रति मन्त्री अर्यालले धन्यवाद व्यक्त गरेका थिए ।

■■■

### युएई पुगेका १९ ...

वैदेशिक रोजगारीका नाममा ठगीमा परेका १९ नेपाली युवाले म्यानपावरबाट साँवा-ब्याज फिर्ता हुनेगरी उद्धारको पहल गरिदिन अनुरोध गरिरहेका छन् । सरसफाइ कर्मचारीका काममा लगाउने भन्दै ती युवालाई फरक-फरक मितिमा युनिक स्टार जेनेरल सेक्युरिटी गार्ड सर्भिस र नुर अल अफसा जेनेरल क्लिनिक सर्भिस कम्पनीमा लगिएको थियो । सम्झौतापत्रमा उल्लेख भएको कम्पनीमा नलगी अन्यत्र राखेर फरक-फरक काममा लगाउने गरेको उनीहरूले बताएका छन् ।

अलपत्र परेका १९ नेपाली युवामध्ये १२ जनालाई सार्जा सेफजोन भन्ने ठाउँमा गोदामजस्तो घरमा राखेको बताइएको छ । अन्य सात युवा अन्यत्र राखिएका छन् । म्यानपावर व्यवसायी राजकुमार चौधरी, श्याम विश्वकर्मा, निराजन पाण्डे, सन्दीप वाग्ले, शम्भुदास ताती र कुमार तामाङलाई एक लाख ३५ हजारदेखि दुई लाख २० हजार रूपैयाँ तिरेर युएई पुगेको उनीहरू बताउँछन् ।

ऋण काढेर युएई पुगेका युवालाई कहिले स्कूलमा, कहिले मस्जिदमा, कहिले सडक, कहिले सोफा कम्पनीमा ७०/८० किलोको भारी उचाल्ने काम गर्न पठाउने गरिएको छ । नियास नाम गरेका भारतीय र नेपालका सञ्जय थापाले अरू कम्पनीमा काम खोजेर केही दिन काम लगाउने तथा काम नभेटेसम्म कोठामै राख्ने गरेका छन् । काम नगरेको दिन आफ्नै खर्चमा खाँदै बस्नुपरेको पर्शुरामले भिडियोमार्फत बताएका छन् । पर्शुराम र धादिङका तिलकबहादुर सुनार फागुन ११ गते तथा अन्य युवा चार महिना युएई पुगेका हुन् ।

'यहाँ हामीलाई गोदामजस्तो ठाउँमा राखेको छ, अनि जता-जता काम पाउँछ, त्यतै सम्पर्क गरेर पठाउँछ, कहिले १० दिन काम गर्न लगाएर बाँकी कोठामै राख्छ,' पर्शुरामले भने, 'अहिलेसम्म कम्पनी हेर्न पाएको छैन, गुगलमा खोजी गर्दा पनि भेटिन्न, त्यही कम्पनीमा लैजाउभन्दा तिमीहरूलाई पैसा खर्च गरेर ल्याएको हो, जे भन्छु त्यही गर भन्छ, धेरै बोलिस् भने एकान्त बाटोमा लगेर छाडिदिन्छु भन्दै धम्क्याउँछ, नेपालतिर कसैलाई सुनाइस् भने पैसा काटिदिन्छु भन्ने गरेको छ, अलपत्र अवस्थामा रहेको हामीलाई तत्काल उद्धारका लागि सम्बन्धित निकायले पहल गरिदिनुपर्‍यो ।'

काम र दाम नपाउँदा केही दिनअघि मात्रै तीन दिनसम्म भोकै बस्न बाध्य बनेको उनीहरूले बताएका छन् । 'खर्च माग्दा नेपालबाट मगाएर खाउ भन्ने गरेका छन्, घरमा सम्पर्क गरेको थाहा पायो भने अर्कै ठाउँ लैजान्छ, उनीहरू जीवित छन् या मरिसके अत्तोपत्तो छैन,' पर्शुरामले भने, 'प्रहरीसँगको सहयोगमा दूतावास जाने तयारी गरिरहेका छौं, कतिपय युवाले तीन महिनाको तलब पाएका छैनन्, बिरामी परेको समयमा आराम गर्नसमेत नदिई काममा पठाउने गरेका छन्, राहदानी फिर्ता माग्दा पनि दिँदैन ।'

नेपालस्थित म्यानपावरलाई सम्पर्क गर्दा बेवास्ता गर्ने गरेको पीडित युवाको गुनासो छ । पर्शुराम र राजकुमारको धरौटी रकम बुझेका सन्दीप वाग्लेको र समन्वय गर्ने निराजन पाण्डेको मोबाइल बन्द रहेको छ । उनीहरूले फरक-फरक नम्बर प्रयोग गर्दै भाइबरमार्फत आफूहरूलाई धम्क्याउने गरेको पीडित युवाले बताएका छन् । *रासस*

---

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUTIAMOTO (M) SDN.BHD

पुर्व स्वीकृति मिति २०८०/१२/०२ LT. No. 283267 चलानी नं.६०२१६६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,२८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १० गते (23th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

---

# सोलु दुधकुण्ड नगरपालिका

ཤོ་ལུ་ཏུ་ཏ་ཁུན་གྲོང་སྡེ།

## नगरकार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०३**

यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण तथा खरिद कार्यको विद्युतीय बोलपत्रको माध्यमबाट सम्पन्न गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्महरूबाट रितपूर्वकको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | विवरण | विडवण्ड वापतको रकम | बोलपत्र दस्तुर | लागत अनुमान | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| 06/Works/NCB-SDM-2080/081 | फाप्लु-सल्लेरी-दोर्पु खानेपानी निर्माण | ४,००,०००।- | ३०००।- | १,५९,९५,९७७७२ | सूचना प्रकाशित मितिले ३१ औं दिनको दिउँसो १२:०० बजे | ३१औं दिनको ठीक १२:०० बजेसम्म | ३१औं दिनको दिउँसो २: ०० बजे |
| 02/Goods/NCB-SDM-2080/081 | 1. Cream Separator Machine 100lph hand 44 pcs 2. Blower 44 pcs, 3. Solar Panel with battery 44 pcs, 4. Tripal 88 pcs 5. HDPE Pipe 1452 kg (with transportations) | ६५,०००।- | ३०००।- | - | सूचना प्रकाशित मितिले ३१ औं दिनको दिउँसो १२:०० बजे | ३१औं दिनको ठीक १२:०० बजेसम्म | ३१औं दिनको दिउँसो २:०० बजे |

- बोलपत्र साथ मु.अ. कर दर्ता फर्म, संस्था वा कम्पनी दर्ता, व्यवसाय दर्ताको इजाजत र आ.व. ०७९/०८० को कर चुक्ता पत्र अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ । उक्त आ.व. को कर चुक्ता नभए म्याद थप भएको प्रमाण सलग्न गर्न' पर्नेछ ।
- श्री राष्ट्रिय वाणिज्य बैंक सल्लेरी सोलुखुम्बुमा रहेको सोलुदुधकुण्ड नगरपालिकाको धरौटी खाता नं २०२०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको १२० दिनको म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ । बोलपत्र दस्तुर बैंक मार्फत सोलुदुधकुण्ड नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २०२०१००३०१०१०००५ मा जम्मा गर्न सकिनेछ ।
- बोलपत्र सम्बन्धी अन्य विस्तृत कुराहरू बुझ्न परेमा यस कार्यालयको फोन नं ०३८-५२०२६४ मा वा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ वा सार्वजानिक खरिद ईकाइ कार्यालयको वेभ साइट www.bolpatra.gov.np मा हेर्न सकिनेछ ।

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Q-BEST PHARMA SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. : 301742 चलानी नं.: ६०२१६५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : STARLITE PRINTERS (MALAYSIA) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. : 301740 चलानी नं.: ६०२१६५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 18 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**

License No. : 333/059/60

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AUSTRAL STAR SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०२ LT. No. 288091 चलानी नं.६०२०३४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WU HERNG AGRICULTURAL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०२ LT. No. 265599 चलानी नं. ६०१८१७१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PANDA PLASTIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301641 चलानी नं.६०२१६५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RI CHENG TRADING

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301643 चलानी नं.६०२१६५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming Worker | 8 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CHANGLONG ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301639 चलानी नं.६०२१६५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RIMBUN AZAMAT SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301642 चलानी नं.६०२१६५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMWAJ ALMSELA TRADING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301663 चलानी नं ६०२१६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 3 | 0 | 1200 | ४३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1200 | ४३,९२५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1900 | ६९,५५० | | | | | | | |
| 4 | General Clean Worker | 0 | 2 | 1000 | ३६,६०५ | | | | | | | |
| 5 | Labour | 10 | 0 | 1200 | ४३,९२५ | | | | | | | |
| 6 | Mason | 7 | 0 | 1200 | ४३,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ९ गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**

Govt. License 1331/074/75

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9815066837
9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WASEM CLEANING SERVICES & GENERAL MAINT. CONT.

पूर्व स्वीकृति मितिः २०८०/०३/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०२ LT. No.288378 चलानी नं. ६०२०३५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 5 | 0 | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commercial Sales Representative | 4 | 0 | 2100 | ७४,९९० | | | | | | | |
| 3 | Purchasing Representative | 2 | 0 | 2100 | ७४,९९० | | | | | | | |
| 4 | Tile Polisher | 1 | 0 | 1300 | ४६,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# कामपाले सुरु गऱ्यो प्राचीन नाम पुनरुत्थान कार्य

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले आफ्नो मातहतमा रहेका स्थानका प्राचीन नाम पुनरुत्थान गरेर प्रचलनमा ल्याउने प्रक्रिया थालेको छ । धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व भएका टोल, बस्ती, मठ, मन्दिर, बहाल, वही, धारा, सत्तल, पाटीहरूको अध्ययनबाट प्राचीन नाम खोजेर संस्कृतिविद्, पुरातत्त्वविद्, भाषाविद् तथा इतिहासविद्सँग नाम पुष्टि गर्ने काम सुरु भइसकेको कामपाले जनाएको छ ।

उक्त कार्यको सुरुआत पांचवटा वडाबाट भएको कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जानकारी दिए । उनका अनुसार वडा नं ५ हांडीगाउँ (प्राचीन नाम नरः), वडा नं. ६ बौद्ध (प्राचीन नाम खस्योरः/खास्ती), वडा नं ७ चाबहिल (प्राचीन नाम चावहीः), वडा नं १८ नरदेवी (प्राचीन नाम ङेतः) र वडा नं २४ मखन (प्राचीन नाम मखं) को नाम खोजी भइसकेको छ ।




संयोजक संगतले भने, 'सांस्कृतिक सहरको नाम मेटिने गरी ठाउँको नयां नामकरण भएपछि नामबाट झल्किने सहरको सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक पहिचान मेटिँदै गयो । काठमाडौंको पहिचान जोगाउन यो कार्यक्रम अगाडि बढाइएको हो ।'

विभागले एकीकृत सहरी विकास केन्द्र (सिआइयुडी) सँगको सहकार्यमा विभिन्न स्थानको प्राचीन नाम अध्ययन गरेको हो । अध्ययनका क्रममा संकलन भएको प्रारम्भिक सूचनालाई लिखित अभिलेख, शिलालेख, सरकारी कागजात (जग्गा नामसारी वा पास गर्दा वा चारकिल्ला प्रमाणित गर्दाको नाम), संस्कृतिविद्, इतिहासविद्, पुरातत्त्वविद्, स्थानीय, जनप्रतिनिधिसँग समेत सोधिएको संगतले जानकारी दिए ।

विभिन्न कारणले अर्कै स्वरूपमा पुगेका नामलाई पुनरुत्थान गर्दा रञ्जना लिपि, देवनागरी लिपि र अंग्रेजी भाषामा नामपाटी राखिने छ । अनुसन्धानकर्ता आर्किटेक्ट अस्मिता श्रेष्ठले भने, 'नेवार समुदायका महिलाले प्रयोग गर्ने परम्परागत पोसाक हाकुपटासीमा भएको रातो र कालो रङको पृष्ठभूमिमा 'नामपाटी' (नेमप्लेट) राखिने छन् । ढुंगेधारा, सत्तलका नाम यही रङ संकेतलाई फरक देखिने बनाउने प्रस्ताव गरिएको छ ।'

बोर्डमा 'क्युआरकोड' राखिने श्रेष्ठको भनाइ छ । उक्त कोड स्क्यान गरेपछि मूलवासीले प्रयोग गरेको नाम, नाम रहन गएको धार्मिक, सांस्कृतिक, भाषिक तथा ऐतिहासिक कारण, नामको अर्थ, मौलिक नाम, नामसँग सम्बन्धित ऐतिहासिक कालखण्डबारे जानकारी प्राप्त हुने उनले जानकारी दिए ।

## एक हप्तामा १७ हजार ट्राफिक उल्लंघनका घटना

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले एक हप्तामा १७ हजार ट्राफिक उल्लंघनका घटना दर्ता भएको जनाएको छ ।

कार्यलयका सूचना अधिकारी तथा प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले गत फागुन २५ गतेदेखि यही चैत्र १ गतेसम्म १७ हजार ४६४ सवारीसाधन कारबाहीमा परेको जानकारी दिए । उनले भने, 'ट्राफिक नियम पालना नगर्नेलाई कारबाही गरिएको छ । सवारी चलाउँदा कहिल्यै पनि प्रतिस्पर्धाको भावनाबाट चलाउनुहुँदैन । सडक अनुशासन पालना गरौं ।'

उनले ट्राफिक नियम पालना नगरेकालाई नियमित सचेतना कक्षा सञ्चालन गरिरहेको बताए । सबैभन्दा बढी कारबाही तीव्रगतिमा सवारीसाधन चलाउँदा भएको देखिन्छ । एक हप्तामा तीव्रगतिमा सवारीसाधन चलाउने दुई हजार ७५८ चालक कारबाहीमा परेका छन् । कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार लेन अनुशासन उल्लंघनमा ७६६, मादकपदार्थ सेवन गरेका ६४०, रेडलाइट नियम पालना नगरेका ५८० र बढी भाडा लिएका नौ चालकलाई कारबाही गरिएको छ ।

त्यसैगरी काठमाडौं जिल्लामा मात्रै १०४ वटा सवारी दुर्घटना दर्ता भएका छन् । जसमा एकको मृत्यु भएको छ भने पाँच जना गम्भीर घाइते भएको प्रहरीको भनाइ छ ।

## कावासोतीबाट गैंडा स्थानान्तरण सुरु

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जले शुक्रबारदेखि आन्तरिक गैंडा स्थानान्तरणको काम सुरू गरेको छ । नवलपुरको कावासोतीबाट एउटा गैंडा नियन्त्रणमा लिएर कामको शुभारम्भ गरिएको हो । निकुञ्जको पश्चिमी क्षेत्रमा गैंडाको संख्या बढी भएपछि यहाँका केही गैंडा निकुञ्जको पूर्वी क्षेत्रमा आन्तरिक रूपमा स्थानान्तरण गर्न लागिएको निकुञ्ज कार्यालयले जनाएको छ ।

निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार शुक्रबार देवचुली नगरपालिकाको महाराजा सामुदायिक वन आसपास बस्दै आएको २८ वर्ष हाराहारीको गैंडा कावासोती नगरपालिका-२ स्थित वनबाट नियन्त्रणमा लिइएको हो । उक्त गैंडा मानव बस्तीमासमेत पस्ने गरेको उनले बताए । *रासस*


### मोटरसाइकल हराएको सूचना

मिति २०८०/१२/०१ गते काठमाडौं, बुढानिलकण्ठ न.पा. वडा नं.४ पासिकोट स्थित आफ्नै घर अगाडि गेटको छेउमा पार्किङ गरिराखेको अवस्थामा दिनको ३ देखि ४ बजेको समयमा Pulsar 220 black, red रंगको मोटरसाइकल साँझ ७ बजेको पेरीफेरीमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : जित बहादुर तामाङ
बाइक नं.: बा .प्र.०२-०४७ प १३२६
च्यासिस नं.: MD2A13EX6NCM 83647
इन्जिन नं. : DKXCNM 37992
ठेगाना: काठमाडौं
सम्पर्क: ९८५१०६५३८९/९८४२७४६०१९


### सच्याइएको

प्रभाव दैनिक अंक ३१६ मिति: २०८०/१२/०२ गते प्रकाशित ऐश्वर्य सामुदायिक वन उपभोक्ता समूह, कृष्णपुर-१, कञ्चनपुर**को काठ लिलाम बिक्री सम्बन्धी सूचना**मा दोस्रोपटक प्रकाशित मिति: २०८०/१२/०२ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरु सबैमा जानकारी गराइन्छ ।


### रामगोपालपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

**औषधी खरिद सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०२**

प्रस्तुत विषयमा आ.ब.२०८०/८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार रामगोपालपुर नगरपालिका, रामगोपालपुर, महोत्तरीको लागि उपचारात्मक सेवा कार्यक्रम अन्तरगत आधारभूत तथा आकस्मिक सेवाको लागि आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरू कार्यालयको आवश्यकता बमोजिम सर्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(१क) वमोजिम खरिद गर्नु पर्ने भएकोले इच्छुक कम्पनी/फर्म/सप्लायर्सहरूलाई राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित भएको सूचना सहित आजको मितिले ७ दिनभित्र सम्पर्क गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**नि. प्रमुख प्रशासकिय अधिकृत**



### Sotang Rural Municipality
### Office of the Rural Municipal Executive
Sotang, Solukhumbu
Koshi Province, Nepal

**Invitation for Sealed Quotation for the procurement of Medicine and Surgical Items.**

**First Date of Publication: 2080/12/03**

1. The Sotang Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Medicine and Surgical items for the fiscal year 2080/081.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sotang Rural Municipality, Office of the Rural Municipal Executive,Sotang, Solukhumbu or contact 9862809894 for further clarification.
3. A complete set of Bidding Documents may be purchased from the office of Sotang Rural Municipality, Sotang, Solukhumbu by submission of a written application, along with the copy of company/firm registration certificate,DDA Certificate and tax clearance and upon payment of a non-refundable fee of NRs. 1000.00 (One thousand) till 15th days from publication date,during office hours or cash should be deposited in following details. Information to deposit the cost of bidding document in Bank: [Name of the Bank: Agricultural Development Bank Ltd., Name of Office: Sotang Rural Municipality, Solukhumbu., Office Code no: 801010908, Office Account no: 1125501429939116, Rajaswa (revenue) Shirshak no.:
4. Sealed bids must be submitted to the office of Sotang Rural Municipality, Office of the Rural Municipal Executive,Sotang, Solukhumbu, Nepal by hand to representative of owner of the company/ Firm at 16th days on before 12pm .Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16th days on 2PM, at the office of Rural Municipal Executive, Sotang, Solukhumbu.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 65,000.00 which shall be valid for 90 days beyond the validity period of the bid .If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account no. 1125501429939035 and account name: Sotang Rural Municipality, Solukhumbu at Agricultural Development Bank Ltd., Sotang branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, completely or partially any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. Goods to be delivered at the Sotang Rural Municipality Office, Sotang, Solukhumbu and the purchaser reserves the right to accept or reject, wholly or partly or any all the sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Sealed Quotation No: | Description of Goods | Bid Security (Nrs.) | Bid Fee |
|---|---|---|---|---|
| 1. | SRM/Goods/ Health/01//080/081 | Procurement of Medicine and surgical Items. | NRs. 65000 (90 days) | NRs 1,000.00 (Non Refundable) |

**Chief Administrative Officer**



**ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**
**पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर**

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित१
भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

**कम्पनी : SYARIKAT SIN KWANG PLASTIC INDUSTRIES SDN BHD**
स्यारिकात सिन क्या प्लास्टिक इन्डष्ट्रिज् एसडिएन बिएचडी
रोजगारदाता कम्पनीको ठेगाना / काम गर्ने स्थान : Employer Company Adress / Job Site : Batu Pahat Malaysia बातु पाहाल, मलेशिया

Pre Approval Date : 2024-03-10 / पूर्व स्वीकृति मिति : २०८०/११/२७ | LT. No.301335 / एल टि न. ३०१३३५ | Invoice No. 60216212 / चलानी नं. ६०२१६२१२

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary: रिगिंट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 683 | 0 | सम्बन्धित कामा दक्ष | 1500 | ४२,५०५ | क. नियम अनुसार As per the company rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरू :**

1. Nature of Job:Factory Worker in Manufacturing sector.
कामको प्रकृति : उत्पादन क्षेत्रमा कारखाना कार्यकर्ता वा उत्पादन अपरेटर
2. Overtime shall be voluntary.Overtime Payment Calculated as
ओभरटाइम स्वेच्छिक हुनेछ ।ओभरटाइम भुक्तानी गणना
i) on Normal Days:Salary*1.5 /सामान्य दिनमा : तलब ८ १.५
ii)on Sundays/rest days: Salary*2.0 / आइतबार/विश्राम दिन: तलब ८ २.०
iii)on Public Holidays:Salary*3.0 /सार्वजनिक बिदामा : तलब ८ ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
विश्राम दिन : मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 13 public holidays in any one year of service in accordance to labor law in Malaysia.
सार्वजनिक बिदा : मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा १३ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.वार्षिक बिदाः सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ बिरामी बिदा
i) Without Hospitalization:14 days sick leave for each year of service for less than 2 years. र अस्पतालमा भर्ना बिना : २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
ii) Incase of Hospitalization:60 days sick leave in each calender year
र अस्पताल भर्ना भएको अवस्थामाः प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
हालको विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागू हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8.Right to freedom of association and collective bargaining will be respected.
संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion. धर्मको स्वतन्त्रताको अधिकार।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।
11. Incase of Repatriation and Early Termination,Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले वहन गर्नेछ ।

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था Management Of Workers Welfare Fund will bear the Visa Cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bearit | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले अन्तर्वार्ताभन्दा एक महिना अगाडि बनेको पासपोर्टको ने.रु.५०००/- का दरले व्यहोर्ने NPR 5000/- By the Employer (for new passport issued a month before the interview date only) | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रू.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५००/- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने :How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहोर्ने By the Employer

**Pre-Interview is going on in full swing at IMR office**
**आइएमआर अफिसमा प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।**

**Final Interview | फाइनल अन्तर्वार्ता : Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 23th and 24th March 2024, i.e. Saturday & Sunday. फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०८० साल, चैत्र १० र ११ गते शनिबार र आइबारका दिन हुनेछ।**

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरूबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरू, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

**Note:** (नोट:)
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and IMR and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो। यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन। साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि आइएमआर र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनैपनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ। पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन्।
3. All applicants will be served on "First Come First Serve" basis.
३. सबै आवेदकहरुलाई पहिलो सेवाग्राहीलाई पहिलो प्राथमिकताका आधारमा सेवा दिइनेछ।
4.This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
४.यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
५. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ। जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि।

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् र Beware of Illegal Recruiters**
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध एस.के.पि.को स्वतन्त्र तेस्रो पार्टी हटलाइन नं ९७७ ९८०७१९९३२० मा वा ईमेल grievancemdc@gmail.com dr अथवा एस.के.पि.को लोकल एजेन्ट् कुजयाको ईमेल whisleblower@kujayagroup.com.my मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौ।
Feel free to report against fraud, illegal activities or corruption in n SKP's Independent Third-Party Hotline +9779807199320 or email at grievancemdc@gmail.com or at SKP's Local agent's email whistleblower@kujayagroup.com.my without fear of reprisal or intimidation.We shall maintain confidentiality of the complainant/whistle blower.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Buddhanagar.

श्रम ईजाजत नं. ३०९/०५९/०६०

**International Manpower Recruitment Pvt. Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801045628, 9851191649, 9851001600.



# मोफसलमा चित्रकारिताको सुगन्ध छरिरहेका कलासाधकहरू

पवन राजवंशीका हास्यव्यंग्य र समसामयिक चित्रकला प्रख्यात छन् । वि.सं. २०६९ मा नेपाल ललितकला प्रतिष्ठानले उनलाई प्राज्ञ मनोनयन गरेको हो । कनकाइ नगरपालिका-८ घैलाडुब्बा निवासी ५४ वर्षीय राजवंशी कलाकारिताकै माध्यमबाट मान, सम्मान र अर्थोपार्जन गर्न सफल भएकामा आल्हादित छन् ।

■■■

कनकाइ-३ निवासी ५३ वर्षीय हिम्मत नेम्वाङ दृष्टिविहीनहरूले समेत अनुभूति गर्न सक्ने 'रिलिफ पेन्टिङ' बनाउन सिपालु छन् । गत साता झापाको सुरुंगामा रोटरी क्लबले आयोजना गरेको कला साहित्य उत्सवमा उनका 'रिलिफ पेन्टिङ'ले धेरै प्रशंसा पाएको थियो ।

■■■

मेचीनगर-६ काँकडभिट्टालाई कार्यथलो बनाएर जिल्लाभर ललितकलाको उत्थानमा जुटेका छितेन शेर्पाले देही आर्ट ग्यालरी सञ्चालन गर्दै आएका छन् । काँकडभिट्टामा २०७१ देखि ०७५ सम्म तीनपटक आयोजना भएको साहित्य कला उत्सवमा शेर्पाले नै कला विधाको नेतृत्व गरेका थिए ।

■■■

**चन्द्रकला भण्डारी/झापा**

पैंतीस वर्षअघि साथीसँग सापटी मागेको ४०० रूपैयाँ बोकेर राजधानी काठमाडौं पुगेका झापाका पवन राजवंशी अहिले आफ्नो समुदायको पहिलो 'प्राज्ञ' हुन् । ललितकला क्याम्पसको औपचारिक अध्ययनपछि काठमाडौंका केही 'आर्ट ग्यालरी'मा चित्रकारिताको अभ्यास गरेका राजवंशीले तीन दशकयता गृहजिल्लामै बसेर कला-साहित्य साधना गरिरहेका छन् ।

चित्रकार राजवंशीका हास्यव्यंग्य र समसामयिक चित्रकला प्रख्यात छन् । वि.सं. २०६९ मा नेपाल ललितकला प्रतिष्ठानले उनलाई प्राज्ञ मनोनयन गरेको हो । कनकाइ नगरपालिका-८ घैलाडुब्बा निवासी ५४ वर्षीय राजवंशी कलाकारिताकै माध्यमबाट मान, सम्मान र अर्थोपार्जन गर्न सफल भएकामा आल्हादित छन् ।

'मेची क्याम्पस पढ्दापढ्दै पकेट खर्च बोकेर अवसरको खोजीमा काठमाडौं भासिएको थिएँ,' कलायात्राका आफ्ना पुराना दिन सम्झँदै उनी भन्छन्, 'म भाग्यमा होइन, कर्ममा विश्वास गर्छु । यही कलाकारिताले मलाई अहिले सबथोक दिएको छ । कलाकर्मीको रूपमा चिनिएको छु ।'

अग्रज साहित्यकार रमेश विकलले चित्र कोर्न हौस्याएपछि चित्रकारितामा जमेर लागेका उनले ५० को दशकअघि नै राजधानीका स्थापित रूपरेखा, हिन्दू, रविवार, बुधबारलगायत साप्ताहिक पत्रिकामा व्यंग्यचित्र बनाएर चर्चा बटुलिसकेका थिए ।

कलाकार उत्पादन गर्ने र नवप्रतिभालाई सम्मान गर्ने उद्देश्यले उनले स्वर्गीय बुवा कुलदीप राजवंशीको स्मृतिमा कला प्रतिष्ठान स्थापना गरेका छन् । उनले बाचमु कला प्रतिष्ठान स्थापना गरेका छन् । 'आदिवासी समुदायको भाषा, कला, साहित्य, संस्कार र संस्कृतिको जगेर्ना गर्ने अभियानमा सक्रिय राजवंशीले धार्मिक ग्रन्थ 'गीता'लाई राजवंशी भाषामा अनुवाद गरेका छन् । झापाका आधा दर्जनजति विद्यालयमा उनी चित्रकला शिक्षकको रूपमा कार्यरत छन् भने उनका चित्रकलाले प्रदर्शनीमा स्थान पाउने गरेका छन् ।

झापा 'गोल्डकप'को प्रतीक चिह्न र बाह्रदशी गाउँपालिकाको आदिवासी पहिचान झल्काउने प्रतिमा निर्माण गरेका उनका चित्रहरूको रंगीन पत्रिका 'अनुभूति' प्रकाशित भइसकेको छ । झापाकै माटोको सुगन्ध मगमगाउने अर्का प्रतिभा छन्- छितेन शेर्पा । मेचीनगर-६ काँकडभिट्टालाई कार्यथलो बनाएर जिल्लाभर ललितकलाको उत्थानमा जुटेका उनले देही आर्ट ग्यालरी सञ्चालन गर्दै आएका छन् ।

काँकडभिट्टामा २०७१ देखि ०७५ सम्म तीनपटक आयोजना भएको साहित्य कला उत्सवमा शेर्पाले नै कला विधाको नेतृत्व गरेका थिए । समाजमा कला चिनाउन कठिन भइरहेका बेला यसबाटै जीविका चलाउन सहज थिएन तर, उनले विद्यालयहरूमा कला शिक्षकका रूपमा काम गरेर जीवनयापनलाई सहज बनाउने प्रयास गरे । उनले स्वध्ययनबाटै चित्रकारितालाई उजिल्याएका हुन् । उनका कलाकृतिहरू अन्तर्राष्ट्रिय ग्यालरीहरूमा सजिइसकेका छन् । उनी कुलदिप राजवंशी स्मृति कला उत्थान सम्मान र सुसेली प्रतिभा पुरस्कारबाट सम्मानित भइसकेका छन् ।

पूर्वी नेपालका जातीय तथा सांस्कृतिक विम्बहरूलाई कलामा उतार्ने उनको विशेषता लोकप्रिय छ । 'कला साधनामा मौलिकता भेटिएन भने खल्लो हुन्छ,' उनी भन्छन्, 'राज्यको संरचनाले कलाको सही मूल्यांकन गर्न सकेन भने चोकहरूमा विकृत मूर्तिहरू ठडिन्छन् । पर्यटन प्रवर्द्धनको बहानामा राज्यको ढुकुटी खर्चेर पर्यावरण नै नाश हुने संरचनाहरू बनिरहन्छन् ।'

पूर्वी नेपाल कला र संस्कृतिमा धनी भएता पनि त्यसको जगेर्ना हुन नसकेकामा उनी गुनासो गर्छन् । हरेक विद्यालयमा कला शिक्षक तोकिनुपर्ने र कलाकृतिको बजारीकरणमा स्थानीय सरकारले ध्यान दिनुपर्नेमा उनको जोड छ ।

देही आर्ट ग्यालरीमा उनीसँग कला सिक्नका लागि नयाँ पुस्ताका प्रशिक्षार्थीको घुइँचो लाग्छ । आफ्ना शिष्यहरूलाई लिएर उनी नेपाल र भारतका कला कार्यशाला र प्रदर्शनीहरूमा पुग्ने गर्छन् । यसो गर्दा सिकारु कलाकारको सीप तिखारिने उनी बताउँछन् ।

झापामा बसेर चित्रकारितामा योगदान पुऱ्याइरहेका अर्का प्रतिभा हुन्- हिम्मत नेम्वाङ । कनकाइ-३ निवासी ५३ वर्षीय नेम्वाङ दृष्टिविहीनहरूले समेत अनुभूति गर्न सक्ने 'रिलिफ पेन्टिङ' बनाउन सिपालु छन् । गत साता झापाको सुरूंगामा रोटरी क्लबले आयोजना गरेको कला साहित्य उत्सवमा उनका 'रिलिफ पेन्टिङ'ले धेरै प्रशंसा पाएको थियो ।

'वि.सं. २०६१ मा आफूसँगै नवप्रतिभाको पुरस्कार पाउने दृष्टिविहीन जेठा मुर्मुले चित्रकलाको अनुभूति गर्न नसकेको गुनासो गरेपछि मेरो दिमागमा नयाँ उपाय फुऱ्यो,' उनले 'रिलिफ पेन्टिङ'का बारेमा बताउँदै भने, 'त्यसपछि मैले चिनियाँ माटोलाई काठ र भित्ताहरूमा पोत्दै मूर्ति र चित्रको सम्मीश्रणबाट नयाँ प्रयोग गरेँ । त्यही नयाँ प्रयोग नै 'रिलिफ पेन्टिङ' थियो ।' हेर्दा चित्रजस्तो र छाम्दा मूर्तिजस्तो अनुभूति हुने उनका 'रिलिफ पेन्टिङ' अचेल प्रदर्शनीहरूमा अवलोकनकर्ताको आकर्षण बन्ने गरेको छ । उनी परम्परागत र आधुनिक दुवै विषयमा चित्र र मूर्ति बताउँछन् । उनले बनाएका 'भारी बोकिरहेका गौतम बुद्ध'को मूर्तिले अत्यधिक चर्चा पाएको छ । यसलाई उनी आध्यात्मिक र मार्क्सवादी दर्शनको फ्युजन भन्न रुचाउँछन् ।

'मार्क्सवादी दर्शनले श्रम गर्नुपर्छ भन्छ, अहिले भौतिक विज्ञानको युगमा धर्मको कुरा मात्र गरेर हुँदैन,' उनी बुद्ध मूर्तिको व्याख्या गर्दै भन्छन्, 'पूजापाठ गरिरहँदा पनि त्यहाँ नैवेद्य, फलफूल र पैसा चाहिन्छ । त्यसका लागि श्रम अर्थात् काम गर्नुपर्छ । काम नगरी धर्मकर्म हुँदैन । पहिलो श्रम अनिमात्र धर्म हो । यस मूर्तिकलामा बुद्ध आफैंले साधना गरेर भोको पेटमा निरन्तर श्रम गरिरहेको देख्न सकिन्छ ।'

उनको कलायात्राको प्रेरणाको स्रोत हजुरबुवा रणध्वज नेम्वाङ थिए । उनको हजुरबुवा शिक्षाविद्, साहित्यकार र मूर्तिकार थिए । पछि यो कला उनले आफ्ना बुवामार्फत सिके । स्कुल पढ्दा अंशुवर्माको चित्र बनाएर कालोपाटीमा टाँस्दा साथी र शिक्षकले प्रशंसा गरिदिँदा आफूमा कलाप्रतिको प्रेम मौलाएको उनले बताए । 'गोठालो जाँदा धुलोमा चित्र बनाइन्थ्यो । तिनलाई साथीले राम्रो मान्थे । त्यतिखेर रङ थिएन । अँगार र सिमीको पातको झोलले चित्र कोरिन्थ्यो । सनपाटको बुरुस बनाएर कोरिन्थ्यो । चित्र कोर्दै जाँदा एउटा चीज हुन्थ्यो । त्यसरी नै कलामा प्रभावित भइयो,' उनले कलायात्रा बताउँदै भने, 'म स्वध्ययनबाट चित्रकार बनेको हुँ । 'सिनियर आर्टिस्ट'सँग सम्पर्क भयो । भारतमा एउटा इस्न्टिच्युटमा छ महिना कला अभ्यास गरेँ । समसामयिक आधुनिक मूर्तिकलाका बारेमा अध्ययन गरेँ । विश्वप्रसिद्ध कलाकारहरूको जीवनी पढेँ ।'

उनले आफ्नी छोरी सपनालाई पनि चित्रकारितामा लाग्न प्रेरित गरेका छन् । हाल सपना ललितकला विषयमै स्नातकोत्तर तहको अध्ययन गरिरहेकी छन् । उनले सन्थाल समुदायको बब्लु हेमरमलाई चित्रकला सिकाएर विभिन्न आदिवासी क्षेत्रमा कला कौशललाई विस्तार गरेकी छन् । कनकाइ-३ कै बब्लु हेमरमले सन्थाल संस्कृति र परम्परालाई झल्काउने विभिन्न चित्र कोरेका छन् । नेम्वाङले त्यस्ता चित्रकलालाई प्रोत्साहित गर्न आफ्नै प्रदर्शनीमा स्थान दिने गरेका छन् । टुकीको मधुरो प्रकाशमा फाटेको लुगा सिइरहेकी एउटी सन्थाल महिला र उनको छोराको चित्र हालै सुरूंगामा आयोजित महोत्सवमा चर्चित भएको थियो ।

'मलाई हिम्मत सरले नै चित्रकला सिकाउनुभएको हो,' हेमरमले भने, 'हुन त म अहिले 'वाल आर्ट'गर्छु । कला प्रदर्शनीहहरू आयोजना हुँदा उहाँसँगै सहकार्य गरेर विभिन्न मौलिक चित्रहरू बनाउने गर्छु ।' स्थानीय पालिकाहरूले स्थानीय कला र कलाकर्मीहरूको संरक्षण गर्ने हो भने नेपालमा चित्रकारिता गरेर सहजै गुजारा चल्ने नेम्बाङ बताउँछन् । आममानिसमा चित्रकला, मूर्तिकला र हस्तकलासम्बन्धी चेतना कम भएको जनाउँदै उनले यसलाई विद्यालयस्तरदेखि नै पाठ्यक्रममा समावेश गर्न आवश्यक भएको बताए । त्रिभुवन विश्वविद्यालयअन्तर्गत ललितकला क्याम्पस र काठमाडौं विश्वविद्यालयमा मात्र उच्च तहको कला विधामा अध्ययन अध्यापन हुने तर भारतका प्रत्येक प्रान्तमा कला विश्वविद्यालय रहेको उनले बताए ।

उनले आफ्नै घरमा 'सेवारो आर्ट ग्यालरी' सञ्चालन गर्दै आएका छन् । वि.सं. २०६१ मा क्रियटिभ आर्टस् ग्यालरीबाट मूर्तिकला र चित्रकला बनाउन थालेका उनले ग्यालरीमा २५ वटा ढुंगाका ठूला मूर्ति कुँदेर सजाएका छन् भने त्यसलाई संग्रहालय बनाउने उनको भावी योजना छ । भारतको विहार, सिक्किम र पश्चिम बंगालका विभिन्न स्थानमा उनका मूर्ति बिक्री भएका छन् । उनले काठमाडौंमा सातपटक, बंगलादेशमा एकपटक, भारतको मध्यप्रदेशमा एकपटक कला प्रदर्शनी आयोजना गरेका छन् । मोफसलमा पनि उनको पाँचौं एकल कला प्रदर्शनी भइसकेको छ ।

मेचीनगर-६ काँकरभिट्टालाई नै कर्मथलो बनाउँदै आएका झापाका अर्का प्रतिभाशाली कला साधक छन्- ५२ वर्षीय केसाङ लामा । विद्यार्थी छँदा साथीहरूले तत्कालीन राजा वीरेन्द्रको दुरुस्त चित्र बनाएको देखेपछि चित्रकलामा आकर्षित भएको बताउने उनले वि.सं. २०७८ मा तीन दशक राजधानीको बसाइँ टुंग्याएर आफ्नै गृहनगर मेचीनगरमा आएर कला सिकाउने अभियान थाले ।

बहुसांस्कृतिक एकता समाज नामको ग्यालरी स्थापना गरेका उनले मेचीनगरका चारवटा विद्यालयमा नियमित रूपमा नृत्य र चित्रकला प्रशिक्षण गरिरहेका छन् । 'कला धेरै प्रकारका हुन्छन्, तर उपयोगी कला जानेको व्यक्ति कहिल्यै भोको बस्नु पर्दैन,' उनी भन्छन्, 'ललितकलाका साथीहरू आफ्नै कल्पनामा मात्र चित्र कोर्नुहुन्छ । हामीचाहिँ अर्काले गरेको परिकल्पनामा कागज, काठ वा भित्ताहरूमा चित्र कोर्छौं । त्यही भएर हाम्रो कलालाई उपयोगी कला भनिएको हो ।'

उनले बुद्धको जन्मस्थल नेपाल हो भनेर चिनाउने उद्देश्यले हालै ८० मिटर लामो उपयोगी चित्रकला बनाएका थिए । झापामा त्यसको सार्वजनिक प्रदर्शनी भएको थियो । नयाँ पुस्तालाई कलाकारिताका सीप हस्तान्तरण गर्दै नयाँ कलाकार उत्पादनका लागि आफू अहोरात्र खटिरहेको चित्रकार लामा बताउँछन् । *रासस*

# पर्यटकको पर्खाइमा लुङबुक गुफा

हिउँदयाममा झरनाको पानी जम्छ । गुफाभित्र बौद्ध धर्मावलम्बीका लामाले तपस्या गर्ने ठाउँ छ । जोमसोम-कागबेनी-मुक्तिनाथ सडकअन्तर्गत एक्लेभट्टीस्थित कालीगण्डकी नदीको मोटरेबल पुलदेखि करिब १० मिनेट गाडीको यात्रा गरेपछि पुगिने फल्याक गाउँदेखि लुङबुक गुफा पुग्न ४५ मिनेट पैदलयात्रा गर्नुपर्छ । फल्याक गाउँदेखि हिँडेर गुफासम्म पुग्दाको दुःख कलात्मक आकृति देखेर भुलाउँछ ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ मा रहेको लुङबुक गुफा पर्यटकको पर्खाइमा छ । फल्याक गाउँ नजिकै रहेको लुङबुक गुफा पूर्वाधार र प्रचारप्रसारको अभावमा ओझेलमा परेको हो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले अनौठा आकृति देख्न सकिने लुकबुङ गुफा पर्यटकको पर्खाइमा रहेको बताए ।

'जोमसोम-कागबेनी-मुक्तिनाथ सडक भएर लाखौं भक्तजन र पर्यटक आवतजावत गरे पनि नजिकै पर्ने लुङबुक गुफा सुनसान छ,' उनले भने, 'मुस्ताङ भित्रने पर्यटक र भक्तजनलाई लुङबुक गुफामा भित्र्याउन सकेमा बसाइँ लम्ब्याउन सकिने सम्भावना छ ।' गुफाभित्र हात्तीको अनुहार, सुड, लक्ष्मी, शिवलगायत देवीदेवता, मानिसका शरीरका अंग आकृति देख्न सकिन्छ । विभिन्न जनावर र शिवलिंगका प्राकृतिक आकृति गुफाका आकर्षण हुन् । करिब १५ मिटर लामो रहेको गुफाको प्रवेशद्वारमा ४० मिटर अग्लो झरना छ ।

हिउँदयाममा झरनाको पानी जम्छ । गुफाभित्र बौद्ध धर्मावलम्बीका लामाले तपस्या गर्ने ठाउँ छ । जोमसोम-कागबेनी-मुक्तिनाथ सडकअन्तर्गत एक्लेभट्टीस्थित कालीगण्डकी नदीको मोटरेबल पुलदेखि करिब १० मिनेट गाडीको यात्रा गरेपछि पुगिने फल्याक गाउँदेखि लुङबुक गुफा पुग्न ४५ मिनेट पैदलयात्रा गर्नुपर्छ । फल्याक गाउँदेखि हिँडेर गुफासम्म पुग्दाको दुःख कलात्मक आकृति देखेर भुलाउँछ । गुफाभित्रै पकाएर खान सकिने भाँडाकुँडा पनि छन् । औंसी र पूर्णिमाका दिन लुङबुक गुफा दर्शन गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहेको स्थानीयवासीले बताएका छन् । फल्याक गाउँदेखि लुङबुक गुफा जोड्ने पैदलमार्ग तयार पारिएको र आगामी वर्ष सडक पुऱ्याउने तयारी गरेको वडाध्यक्ष गुरुङले बताए । गुफाको धार्मिक र प्राकृतिक महत्त्वका विषयमा प्रचारप्रसार गरिने उनले बताए । *रासस*



# डेंगी नियन्त्रणका लागि पूर्वतयारी

**दमौली (तनहुँ)**– तनहुँको आँबुखैरेनी गाउँपालिकाले डेंगी नियन्त्रणका लागि पूर्वतयारी थालेको छ । गर्मी मौसम सुरू भएसँगै डेंगीको जोखिम बढ्ने भएकाले गाउँपालिकाले नियन्त्रणका लागि पूर्वतयारी थालेको हो ।

गत वर्ष गर्मी मौसममा तनहुँ डेंगीबाट आक्रान्त बनेको भन्दै संक्रमितको संख्या करिब सात हजार पुगेको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिए । उनका अनुसार डेंगीबाट जिल्लाभर चार जनाको मृत्यु भएको थियो ।

आँबुखैरेनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले पछिल्लो समय पालिकामा डेंगीको जोखिम बढिरहेकाले समयमै नियन्त्रण गर्न पूर्वतयारी थालिएको बताए । उनका अनुसार गत गर्मीमा यहाँका १०० भन्दा बढी संक्रमित भएका थिए ।

‘गत वर्षको गर्मीमा डेंगीबाट जनधनको क्षति भएको थियो । अब वर्षात् सुरू हुने समय भएकाले स्थानीयमा सजगता अपनाउनुपर्ने अवस्था छ,’ स्वास्थ्य शाखा प्रमुख उपाध्यायले भने, ‘लामखुट्टे नियन्त्रणका लागि प्रभावकारी काम सञ्चालनमार्फत नागरिकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखी यसको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्नुपर्छ ।’

डेंगी नियन्त्रणका लागि गाउँपालिकाले छवटै वडा कार्यालय, आठ स्वास्थ्य संस्था तथा सरोकारवाला निकायलाई ‘खोज र नष्ट गर अभियान’ सञ्चालन गर्न परिपत्र गरिसकेको छ । उपाध्यायले भने, ‘सबै वडा कार्यालय, संघसंस्था, स्वास्थ्य संस्था, सरोकारवाला निकाय र आम जनसमुदायलाई उक्त अभियान सञ्चालन गर्न अनुरोध गरेका छौं ।’ उनका अनुसार यसक्रममा लामखुट्टेको बासस्थान खोजी गरी फूल पार्ने ठाउँ र लार्भा नष्ट गरिने छ ।

अभियानका क्रममा आ-आफ्नो घर वरपर सरसफाइ गरी पानी जम्न नदिने, खाडल पुर्ने, टिनका डब्बा, थोत्रा टायर, गमला, फूलदानी, बाल्टीमा पानी जम्न नदिनेलगायत लामखुट्टे नष्ट गर्ने विधिका बारेमा स्थानीयमा जनचेतना जगाउने काम थालिएको स्वास्थ्य शाखा प्रमुख उपाध्यायको भनाइ छ ।

बिहान र साँझपख डेंगीको लामखुट्टे बढी सक्रिय हुने भएकाले सकेसम्म घरबाहिर नजाने, जानैपरे शरीर पूरै छोपिने किसिमका लुगा लगाउने, खेतबारी तथा पशुपालनसम्बन्धी काम गर्दा विशेष सावधानी अपनाउन आग्रह गरिएको स्वास्थ्य शाखा कार्यालयले जनाएको छ ।

एक्कासि उच्च ज्वरो आउने, टाउको दुख्ने, शरीर दुख्ने, घाँटी दह्रो हुने, वाकवाकी लाग्ने, पखाला लाग्नेलगायत स्वास्थ्यमा समस्या देखिए तत्कालै स्वास्थ्य संस्थामा परीक्षणका लागि जान आग्रह गरिएको स्वास्थ्य शाखा प्रमुख उपाध्यायले बताए । गत गर्मी महिनामा डेंगी समस्याका रूपमा देखा परेकाले यसको अहिल्यैदेखि नै नियन्त्रण आवश्यक रहेकाले अभियान सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताए ।

जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले गत गर्मी महिनाको संक्रमणको अवस्थालाई ध्यानमा राखेर सबै स्थानीय तहले पूर्वतयारी थाल्नुपर्ने बताए । उनका अनुसार गत गर्मीमा जिल्लामा सबैभन्दा बढी व्यास नगरपालिकामा डेंगी संक्रमित भएका थिए । कूल संक्रमितको ८० प्रतिशत व्यास नगरपालिकामा रहेका उनको भनाइ छ ।

### डेंगीका लक्षण

‘एक्कासि तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सातदिनसम्म रहिरहन सक्दछ,’ जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले भने, ‘यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, अरुचि हुनु, जोर्नी तथा मांसपेशी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनुलगायत डेंगीका लक्षण हुन् ।’

पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सुत्ने बेला सधैं झुलको प्रयोग गर्ने, घर वरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुर्‍याउनु यसबाट बच्ने प्रमुख उपाय रहेका जिल्लास्थित स्वास्थ्य कार्यालयले जनाएको छ । *रासस*

# रौतहटमा गोली प्रहार गरी भाग्दै गरेका तीन पक्राउ

**काठमाडौं (प्रस)**– रौटहटको परोहा नगरपालिका-९ स्थित शिव मनि ट्रान्सफरका सञ्चालकलाई गोली हानी भाग्दै गरेका तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । शुक्रबार अपराह्न १ बजेतिर आइएमई सञ्चालक २४ वर्षीय नितेश साहलाई गोली हानी भाग्दै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट रामपुरखापबाट खटिइएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

घटना संलग्न भारत विहार पूर्वी चम्पारण मोतिहारी दीपही-२ बस्ने १८ वर्षीय किशोरसहित तीन जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । काउन्टरमा काम गरिरहेको अवस्थामा उनीहरूले सञ्चालक साहमाथि गोली प्रहार गरी फरार भएका थिए । गोली प्रहारबाट मनि ट्रान्सफर सञ्चालक साह घाइते भएका छन् । प्रादेशिक अस्पताल गौरमा सामान्य उपचारपश्चात् उनलाई वीरगञ्ज रिफर गरिएको छ ।

नेपाल-भारत सीमा क्षेत्रस्थित घिउरा नाकामा खटिइएका सशस्त्र प्रहरी हवल्दार लक्ष्मणसिंह ठगुन्नासहितको टोली र प्रहरी चौकी जयनगरबाट खटिएको टोलीले मोटरसाइकलमा भाग्दै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको सशस्त्र प्रहरीका सहप्रवक्ता प्रहरी नायब निरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।


**श्री माँ दुर्गा सामुदायिक वन उपभोक्ता समूह**
**नरैनापुर गा.पा.-३, बाँके**

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०००/१२/०३ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रमा समूहका स्किृत वन व्यवस्थापन कार्ययोजना अनुसार डि.व.का. बाँकेको च.नं. २५४४ मिति २०७९/१२/२४ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भै बाँकी रहेको आठ दाउरा डि.व.का. बाँकेको च.नं. २७०४ मिति २०८०/११/३० गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, घौटी, मौवा र अन्य लगायत जातका गोलिया थान-६१ को ११६९.१४ क्यू. फि. काठ र साल दाउरा ३.०० र अन्य दाउरा ७.०० चट्टा हाल जे-जस्तो अस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका उद्योगी स:मिल हरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्न हुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROAD LINE TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/१२/०१    LT. No. 301585    चलानी नं. ६०२१६५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric Tech. | 1 | 0 | 1100 | ४०,२६५ | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९०,५१५ | | | | | | | |
| 4 | Labour | 6 | 0 | 1000 | ३६,६०५ | | | | | | | |
| 5 | Salesman | 3 | 0 | 1300 | ४७,५८५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९०,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal, Tel: +977-1-442271



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HATIR BUILDING CONTRACTING LLC
पुर्व स्वीकृति मिति २०८०/१२/०२    LT. No. 301649    चलानी नं. ६०२१६५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 30 | 0 | 800 | २९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECK & GUAN METAL FINISHING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/११/१६    पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०२    LT. No. 281763    चलानी नं. ६०१९७२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## ZERO FEE RECRUITMENT FOR MALAYSIA
## शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket! Free Passport! Free Medical Checkup! Free Visa Processing! No Recruitment Fee! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.

नि : शुल्क भिसा, नि: शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, नि:शुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म नि:शुल्क यातायात, आवास र खाना

COMPANY: SONFUAT PRECISION INDUSTRIES SDN.BHD
कम्पनी : सोनफट प्रिसिसन ईन्डस्ट्रिज एसडीयन. बीएचडी.

पूर्व स्वीकृति मिति : २०८०/१२/०२    LT. No. 301703 / एल टि न. ३०१७०३    Invoice No. 60216609 / चलानी नं. ६०२१६६०९

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. / 1. | फ्याक्ट्री वोर्कर / Factory Worker | २० / 20 | ० / 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष / Proficient in reading, writing & speaking basic English | १५०० / 1500 | ४२,८८० / 42,880 | क. नियम अनुसार / As per the company rule | ८ घण्टा / 8 Hours | ६ दिन / 6 Days | क. नियम अनुसार / As per the company rule | छैन / No | छ / Yes | दुई वर्ष / 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
  पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन् । साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
  नेपाल सरकारले कुनै पनि विचौलीया वा मध्यस्थकर्तालको प्रयोग कानूनी रुपले वन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
  आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदर्छौं । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
  यस मास ह्यूमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदर्छौं ।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५००।- रोजगारदाताले ब्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने How much is the Service Fee and who will bear it रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmationfirm that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ८२२/०६६/०६७

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764

Mobile:9802356847, 9863194839, 9802356846, 9863194834, 9863194832, 9863194833, 9863194835

Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com

# विषाक्त खानाका कारण २०० जना अस्पताल भर्ना

**हनोई, भियतनाम–** भियतनामको खान्ह होआ प्रान्तको केन्द्रीय सहर न्हा ट्राङको एक होटलमा खाना खाएपछि बिरामी परेको आशंकामा कम्तीमा १९५ जनालाई अस्पताल भर्ना गरिएको स्थानीय सञ्चारमाध्यमले शुक्रबार जनाएका छन् ।

तीमध्ये केहीको १२ वटा स्थानीय अस्पताल र मेडिकल सेन्टरमा उपचार भइरहेको छ भने केहीलाई घरमै उपचारका लागि औषधि दिइएको भियतनाम समाचार एजेन्सीले जनाएको छ । अधिकारीहरूले बुधबार राति पर्यटक र स्थानीयसहित पहिले अस्पताल पुगेका ६० जना विषाक्त खानाका कारण बिरामी परेको पुष्टि भएको जनाएका छन् ।

भिएनएक्सप्रेसका अनुसार उनीहरू सबैले यसअघि मध्य तटीय सहरको ट्राम आन्हस्थित एक रेस्टुरेन्टमा कुखुराको मासु र खाना खाएका थिए । न्हा ट्राङ स्वास्थ्य विभागका अनुसार बिहीबार दिउँसो थप संक्रमित भेटिएका छन् । अनुसन्धानका लागि बिक्री सम्झौता र खाद्य सामग्रीसँग सम्बन्धित अन्य कागजात पेस गर्न भनेको तर सञ्चालकले कागजात पेस नगरेकोले रेस्टुरेन्टलाई अर्को सूचना नभएसम्मका लागि सेवा बन्द गर्न निर्देशन दिइएको स्वास्थ्य मन्त्रालयको खाद्यसुरक्षा विभागले शुक्रबार जानकारी गराएको छ । *रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUSAHAMA EL BAHEERA TRADING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. : 301745 चलानी नं. ६०२१६५८१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Gypsum Technician | 2 | 0 | 1300 | ४७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1100 | ४०,२६५ | | | | | | | |
| 3 | Plaster Worker | 2 | 0 | 1200 | ४३,९२५ | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1200 | ४३,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899

E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWANG CHAI CHUAN SDN.BHD

पूर्व स्वीकृति मिति २०८०/१०/०९ पुन स्वीकृति मिति २०८०/१२/०२ LT. No. 279656 चलानी नं. ६०१९५८७१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MR | ने.रू. | | | | | | | |
| 1 | Storage Labour | 1 | 0 | 1500 | ४२२८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SW FOOD & BAR CONCEPTS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०२ LT. No. 301586 चलानी नं. ६०२१६६३३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Crew Restaurant | 5 | 0 | 1500 | ४२२८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALFALAK SOFTWARE DESIGN LLC

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No. 301575 चलानी नं. ६०२१६५८२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Sales Officer | 2 | 1 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.** श्रम ईजाजत नं ११९/०५५/०५६

Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SHIKHA NOIR COMMERCIAL INSTITUTION

पूर्व स्वीकृति मिति २०८०/१२/०१ LT. No.301648 चलानी नं. ६०२१६५६७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | MASSAGER | 0 | 2 | 150 | ६५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd** श्रम ईजाजत नं. १०८८/०७३/०७४

Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824

E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOHA ART BEAUTY SALON FOR LADIES

पूर्व स्वीकृति मिति : २०८०/१२/०१ LT. No. 301619 चलानी नं. ६०२१६५५४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Beautician | 0 | 1 | 150 | ६५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 3 | 150 | ६५,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD** Govt. License No. 1613/079/080

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897

E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODERN TASAMI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०९/२२ LT. No. 297740 चलानी नं.: ६०२१६७६२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Bus Driver | 1 | 0 | 1800 | ६३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 18 | 0 | 1000 | ३५,५३५ | | | | | | | |
| 3 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ८८,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १० गते (23rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.** Govt. License 226/058/059

P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.

Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np


## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

### दरभाउपत्र (कोटेशन) पेश गर्ने बारे सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८०/१२/०३

यस सबैला नगरपालिकाको नगर सभाबाट चालु आ.ब. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर स्तरीय योजनाका लागि विनियोजित तपसिलमा उल्लेखित योजनाहरुको निर्माण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) बमोजिम उक्त योजनाहरुको निर्माण कार्य अगाडी बढाउन पर्ने भएकोले यस कार्यालयमा सूचिकृत भएका ईच्छुक फर्म/निर्माण व्यवसायी/कम्पनीले के-कति दररेट (कोटेशन) मा निर्माण कार्य गर्न सकिने हो सो को दररेट (कोटेशन) प्रस्ताब आव्हान भएको मितिले ७ कार्यदिन भित्र कार्यालय समयमा रितपूर्वक यस कार्यालयबाट BOQ भरी दर्ता हुने गरी यस कार्यालयको योजना शाखामा पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | योजना विवरण/ योजना स्थल | ल.ई.रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) | ल.ई. भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १ | अधुरो स्वास्थ्य चौकी फनिसिङ वडा नं. ८, ठिला | ४९३५९४.६० | ५८४२६१.९० | |
| २ | अरुण महतो घर-गेना महतो घर-हुलाकी सडक सम्म PCC ढलान वडा नं. ८, ठिल्ला | ८५८६५१.२९ | ९७३२७५.९६ | |
| ३ | अमरखन्नमा रामदेव यादव घर-विन्दे यादव पोखरी सम्म सडक PCC ढलान वडा नं. १०, अमरखन्ना | ७७२९९२.५७ | ८७६४८१.६० | |
| ४ | बेचन राईनको घर-कासिम राईनको घर-मुल नहर सम्म PCC ढलान वडा नं. ८, ठिल्ला | ८५८६५१.२९ | ९७३२७५.९६ | |
| ५ | आस मोहम्मदको घर-राम उद्‌गार रायको घर सम्म PCC ढलान वडा नं. ८, ठिल्ला | ८५९०१८.२१ | ९७३६९०.५८ | |
| ६ | बलि शर्माको घर-विन्देश्वर शर्माको घर सम्म PCC ढलान वडा नं. १०, सिमराढी | २५७८०७.५७ | २९४३२२.५५ | |
| ७ | सुटा राईनको घर-जय प्रकाशको घर सम्म PCC ढलान वडा नं. ९ | ८५९३२५ | ९७४०३७.२५ | |
| ८ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट बनेको मिसरपट्टी कुट्टी नजिक रहेको अधुरो सामुदायीक भवन निर्माण वडा नं. १०, मिसरपट्टी | ५७५४८८.४२ | ६७३३०१.९१ | |
| ९ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट बनेको खरिहानिको महरा टोलमा रहेको अधुरो सामुदायीक भवन निर्माण वडा नं. १०, खरिहानि | ५१६७९१.६५ | ५८३९७४.५६ | |
| १० | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट बनेको मदरसा भित्र रहेको अधुरो सामुदायीक भवन निर्माण वडा नं. ८, ठिल्ला | २५८०४३.३५ | २९१५८८.९९ | |

**पुनश्चः-** BOQ तथा थप जानकारी यस नगरपालिकाको योजना शाखाबाट लिन सकिनेछ ।

**प्रमुख प्रशाकीय अधिकृत**

नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
## राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०/१२/०३ गते)

यस अस्पतालबाट मिति २०८०/१०/२० गते प्रकाशित सूचना अनुसार आव्हान गरिएको खुल्ला बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोल पत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| १. | NTrC/Work/ NCB/ 01-080/81 | Construction of Prefab House (Extension of Class Room Hall) | जय लक्ष्मी कन्स्ट्रक्सन, कन्चनपुर | रु.२१,०९,०६६.८५/- (अक्षरेपी एक्काईस लाख नौ हजार छैसठ्ठी रूपैयाँ पैसा पचासी मात्र मू.अ.कर सहित) |

**अस्पताल प्रशासन**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२५००० | प्रति तोला – १२४४०० | प्रति तोला – १४६५ |



**अलपत्र सडक** रुकुम पश्चिमको मुसीकोट नगरपालिका–६ ट्याखोला गाउँ र सितलपोखरी, झुल्खेत, चुनबाङ जोड्ने सडकखण्ड । उक्त सडकखण्डको १८ किलोमिटर कालोपत्रे काम दुई वर्षदेखि अलपत्र अवस्था छोडिएको छ ।

*तस्बिर: बलबहादुर ओली/रासस*

# सरकार र लघुवित्तपीडित संघर्ष समितिबीच सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकार र लघुवित्त वित्तीय संस्था पीडित संघर्ष समितिबीच छ बुँदे सहमति भएको छ । अर्थ मन्त्रालयका सहसहसचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा गठित वार्ता समिति र लघुवित्तपीडितहरूबीच शुक्रबार अर्थ मन्त्रालयमा भएको छलफलमा सहमति जुटेको हो । सहमतिपछि लघुवित्त वित्तीय संस्था पीडित संघर्ष समितिले विरोधका कार्यक्रम फिर्ता लिएको छ ।

लघुवित्त कम्पनीहरूका लागि नियामक नेपाल राष्ट्र बैंकले जारी गरेका नियम तथा निर्देशनहरू प्रभावकारीरूपमा कार्यान्वयन हुनुपर्नेमा दुवै पक्ष सहमत भएका छन् । राष्ट्र बैंकको निर्देशनबमोजिम लघुवित्त वित्तीय संस्थाले ऋणीसँग लिन पाउने तोकिएको अधिकतम ब्याजदर र सेवा शुल्कमात्र लिन पाउने व्यवस्था कडाइका साथ लागू गर्ने सहमति भएको छ ।

त्यसैगरी तोकिएको कर्जा सीमाभन्दा बढी सामूहिक कर्जा दिन नपाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र यसको उल्लंघन गर्ने वा गरेका संस्थाहरूलाई कानुनबमोजिम कारबाही गर्न सरकार सहमत भएको छ ।

एक जना ऋणीले एकभन्दा बढी लघुवित्त संस्थाहरूबाट ऋण लिन र दिन नपाउने व्यवस्थाको कार्यान्वयन गर्ने, ऋण लिँदाकै बखत ऋणीको अनुमतिबिना वा ऋणीलाई प्रभावमा पारी निश्चित प्रतिशत रकम कट्टा गरी बचत खातामा रकम जम्मा गर्न लगाउने, ऋण लगानी गर्दाको समयमा किस्ताबापतको रकम अग्रिम जम्मा गर्न लगाउनेजस्ता कार्यलाई नियन्त्रण गर्ने विषयमा पनि दुई पक्षबीच सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ ।

कर्जाको पुनर्तालिकीकरण र पुनर्सरचनाको सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशनविपरीत कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने सहमति भएको छ । लघुवित्त वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा ऋणीहरूलाई वित्तीय साक्षरता तथा सचेतना गराएर मात्र कर्जा प्रवाह गर्ने व्यवस्थालाई नेपाल राष्ट्र बैंकले सम्बन्धित संस्थाहरूबाट अनिवार्यरूपमा पालना गर्ने व्यवस्था मिलाउने विषयमा पनि सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ ।

संघर्ष समितिले एकल अंक ब्याजदर तथा एक प्रतिशत सेवा शुल्क कायम गर्न माग गर्दै आएको थियो । ब्याजदर तथा सेवा शुल्क कम गरी समयानुकूल बनाउन अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाका सन्दर्भमा राष्ट्र बैंकले आवश्यक पहलकदमी गर्ने निर्णय भएको छ । बचतको र कर्जाको ब्याजदरको अन्तर कम गर्ने सन्दर्भमा अध्ययन गरी प्रतिवेदन पेस गर्न राष्ट्र बैंकलाई अनुरोध गर्ने सहमति भएको छ ।

'लघुवित्त वित्तीय संस्थाहरू कम्पनी कानुनबमोजिम दर्ता भई सञ्चालनमा रहेको कारण सेवामुखीभन्दा नाफामुखी संस्थाका रूपमा विकास भएको र तिनीहरूलाई सेवामुखी बनाउनुपर्ने भनी आन्दोलनरत पक्षबाट माग भएको हुँदा यस्ता संस्थाहरूलाई थप सेवामुखी संस्थाको रूपमा सञ्चालन गर्न के-कस्तो नीतिगत एवं कानुनी व्यवस्था गर्न आवश्यक छ भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास तथा अन्तर्राष्ट्रिय कानुनसमेतको अध्ययन गरी उचित नीतिगत तथा कानुनी व्यवस्था सम्बन्धमा सिफारिस गर्न नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने सहमति भएको छ', सहमतिपत्रमा भनिएको छ ।

उक्त कार्यदलको प्रतिवेदनको सिफारिसका आधारमा लघुवित्त वित्तीय संस्थाहरूको नियमन तथा सुधारका लागि आवश्यक नीतिगत तथा कानुनी सुधारका प्रक्रिया अघि बढाइनेछ ।

## सात सदस्यीय कार्यदल गठन

**काठमाडौं (प्रस)–** अर्थमन्त्री वर्षमान पुन अनन्तले लघुवित्तको समस्या पहिचान गरी समाधान गर्न ७ सदस्यीय कार्यदल गठन गरेका छन् ।

मन्त्री पुनले शुक्रबार साँझ नेपाल राष्ट्रबैंकका डेपुटी गभर्नरको नेतृत्वमा सात सदस्यीय समिति गठन गरेका हुन् । समितिमा राष्ट्रबैंकको लघुवित्त क्षेत्र हेर्ने, कार्यकायरी निर्देशक, अर्थ मन्त्रालयको वित्तिय क्षेत्र हेर्ने सहसचिव र सोही क्षेत्र हेर्ने उपसचिव सदस्य छन् । यस्तै कार्यदलमा लघुवित्तविरोधी संघर्ष समितिका तर्फबाट पुनाराम (मनिराम) ज्ञवाली, क्षेत्रबहादुर मोक्तान र लुजा राई छन् । कार्यदल संयोजकको नाम भने डेपुटी गभर्नर मध्येबाट राष्ट्र बैंकले तोक्ने सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिए ।

कार्यदललाई लघुवित्तका समस्या निर्धारण गरी ६० दिनभित्र प्रतिवेदन बुझाउन कार्यादेश तोकिएको मन्त्री पुनले जानकारी दिए । कार्यदलको प्रतिवेदनका आधारमा लघुवित्त वित्तीय संस्थाको नियमन तथा सुधारका लागि आवश्यक नीतिगत तथा कानूनी सुधारका प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ ।

# दुग्ध किसानको रकम तत्काल भुक्तानी गर्न अर्थमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले दुग्ध किसानलाई दिन बाँकी भुक्तानी तत्काल गर्ने भएको छ । अर्थमन्त्री वर्षमान पुनले आज राजस्व सचिव डा. रामप्रसाद घिमिरेसहित मन्त्रालयका उच्च अधिकारीलाई तत्काल किसानको भुक्तानी दिने प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन् ।

उक्त निर्देशन दिनुअघि अर्थमन्त्री पुनले कृषिमन्त्री ज्वालाकुमारी साह, कृषि सचिव डा गोविन्दप्रसाद शर्मा र पशुपक्षी विकास सचिव डा रेवतीरमण पौडेलसँग छलफल गरेका थिए ।

आफ्नो उत्पादनको भुक्तानी नपाएको भन्दै केही महिनायता दुग्ध किसान आन्दोलनरत छन् । किसानलाई भुक्तानीका लागि दुग्ध विकास संस्थान (डिडीसी) ले अर्थ मन्त्रालयसँग रकम माग गरेको थियो । 'किसानले दूधको भुक्तानी नपाएको अवस्थामा राज्य किसानका पीडा




हेरेर बस्न सक्दैन । विगतमा जे कारणले रोकिएको भए पनि आइतबारसम्म किसानको बक्यौता भुक्तानी हुन्छ', पुनले निर्देशन दिँदै भने । निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी पनि अर्थ मन्त्रालयले नरोक्ने उनले स्पष्ट पारे ।

अर्थमन्त्री पुनका अनुसार कृषि मन्त्रालयको चालु आर्थिक वर्षको बजेटबाट समर्पण गराएर किसानको भुक्तानी दिइन लागिएको हो । चालु आर्थिक वर्षमा रु ५१ अर्ब बजेट रहेको कृषि मन्त्रालयले हालसम्म कूल बजेटको ५४ प्रतिशत मात्र खर्च गरेको छ । मन्त्री पुनले बजेट समर्पणका लागि आजै पत्राचार गर्न कृषिमन्त्री र सचिवहरूलाई आग्रह गरेका छन् ।

दुग्ध किसानका लागि अर्थमन्त्रीबाट स्पष्ट निर्देशन आएको र मन्त्रालयले क्रमश: दुग्ध किसानको बक्यौता भुक्तानी गर्दै जाने राजस्व सचिव डा. घिमिरेले बताए ।

# अहिलेको समस्या समाधान गर्ने बजेटको माग

**काठमाडौं (प्रस)–** राष्ट्रियसभाको बैठकले 'सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्' भन्ने प्रस्ताव स्वीकृत गरेको छ । अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको उक्त विधेयकलाई सभाको सर्वसहमतिले स्वीकृत गरेको हो ।

विधेयकमाथि उठेको प्रश्नको जवाफमा अर्थमन्त्री पुनले विश्वव्यापीकरण, सूचना प्रविधिले पारेको प्रभाव तथा प्रवृत्तिलाई उपयोग गर्ने हिसाबले विधेयक प्रस्तुत गरिएको हो । कारोबारलाई सुरक्षित एवम् थप पारदर्शी बनाउने उद्देश्य राखिएको बताए । त्यसअघि आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजित विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै सांसदहरूले मुलुकको यथार्थतालाई सम्बोधन गर्ने गरी बजेट प्रस्तुत गर्नुपर्नेमा जोड दिए ।

सांसद तारामान स्वाँरले विद्यमान समस्या समाधान गर्ने लक्ष्यका साथ बजेट विनियोजन गर्नुपर्ने बताए । मुलुकको ठोस अवस्थाको ख्याल गरेर प्राथमिकता निर्धारण गर्न उनले अर्थमन्त्रीलाई आग्रह गरे ।

सांसद आनन्दप्रसाद ढुङ्गानाले कृषि क्षेत्रको उत्थान, कृषि उपजमा आत्मनिर्भर बनाउने उद्देश्य राखेर बजेटको प्रबन्ध गर्नुपर्नेमा जोड दिए । कृषि क्षेत्रलाई व्यावसायिक बनाउनेतर्फ राज्यले विशेष ध्यान दिन नसक्दा मुलुक पछाडि परेको उल्लेख गर्दै सिँचाइका आयोजनालाई विशेष प्राथमिकतामा राख्न आग्रह गरे ।

सांसद वामदेव गौतमले एक वर्षभित्र पूरा हुने विषयलाई बजेटको सिद्धान्त र प्राथमिकतामा नराखिएकमा गुनासो गरे । मुलुकमा राजनीतिक रूपमा ठूलो परिवर्तन भएपनि आर्थिक, शासकीय र निर्वाचन प्रणाली उस्तै रहेकाले त्यसमा सुधार जरुरी रहेको उनको भनाइ छ ।


सांसदहरू विमला घिमिरे, उदयबहादुर बोहोरा, मृगेन्द्रकुमार सिंह यादव, तुलप्रसाद विश्वकर्मा, नरबहादुर विष्ट, किरणबाबु श्रेष्ठ, इन्दिरादेवी गौतम, घनश्याम रिजाल, कृष्णबहादुर रोकाया, गङ्गाकुमारी बेल्वासे, सुमित्रा बिसी, विष्णुदेवी पुडासैनी, रेनु चन्द, शारदादेवी भट्ट, विष्णुकमारी सापकोटा, विष्णुबहादुर विशवकर्मा, पदमबहादुर परियार, राधेश्याम पासवानलगायतले मुलुकको धरातलीय यथार्थलाई सम्बोधन गर्ने गरी आगामी आर्थिक बर्षको बजेट आउनुपर्ने धारणा राखे ।

# अन्नपूर्ण क्षेत्रमा बढ्न थाले पर्यटक

**गण्डकी–** दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै पदयात्राका लागि विश्व प्रसिद्ध अन्नपूर्ण क्षेत्रमा पर्यटकको आउजाउ बाक्लिन थालेको छ । गत पुस-माघमा उक्त क्षेत्रमा भित्रने विदेशी पर्यटकको संख्या घटेकामा फागुनयता भने विस्तारै बढिरहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ ।

आयोजनाका प्रमुख डा रविन कडरियाका अनुसार गत फागुनमा १५ हजार तीन सय ६९ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका छन् । पर्यटनका लागि 'अफसिजन' मानिने पुसमा आठ हजार चार सय ९२ र माघमा जम्मा छ हजार एक सय ७९ पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए । 'असोज-मङ्सिर र फागुन-वैशाख गरी दुई मुख्य पर्यटकीय याममा यस क्षेत्रमा पर्यटकको चहलपहल बढ्छ', प्रमुख डा कडरियाले भने, 'जाडो र वर्षात्को याममा कम पर्यटक घुम्न आउँछन् ।'

चैत-वैशाखमा अझ धेरै पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रने उनले बताए । असोज-कात्तिक र चैत-वैशाखको याम पदयात्रा पर्यटनका लागि उत्तम मानिन्छ । यी दुवै याममा अन्नपूर्ण क्षेत्रमा पदयात्राका लागि विदेशी र आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गर्छ । पहिलो मुख्य पर्यटकीय यामको सुरु महिना असोजमा २८ हजार सात सय पाँच पर्यटक घुमफरिका




लागि उक्त क्षेत्रमा पुगेका थिए । कात्तिकमा २४ हजार चार सय १६ र मङ्सिरमा ११ हजार नौ सय २८ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए । पछिल्लो समय भारतीय पर्यटक बढे पनि तेस्रो मुलुकका पर्यटकको संख्या भने घट्दै गएको प्रमुख डा कडरियाले बताए । पुराना पदमार्ग विस्थापित हुँदै जाँदा पदयात्राका लागि आउने युरोप-अमेरिकाका पर्यटकको संख्या घटेको उनको भनाइ छ ।

सन् २०२३ मा अहिलेसम्मकै बढी विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयले जनाएको छ । उक्त वर्ष एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए । त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए । कोभिड-१९ महामारीका बेला पर्यटक आगमन ह्वात्तै घटेकामा महामारीको अन्त्यसँगै अन्नपूर्ण क्षेत्रको पर्यटनले फेरि पुरानै लय समातेको हो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए भने सन् २०२२ मा एक लाख २९ हजार सात सय ३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । आयोजना कार्यालयले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सडकमार्ग भएर मुस्ताङ, मुस्ताङलगायतका ठाउँ छिर्ने आन्तरिक पर्यटकको संख्या यकिन नै गर्न नसकिने आयोजना प्रमुख डा कडरियाले बताए । विश्वका उत्कृष्ट १० गन्तव्यभित्र परिसकेको अन्नपूर्ण क्षेत्रको पहिचानलाई कायमै राख्न त्यस क्षेत्रका पदमार्गलाई जोगाउनु आवश्यक रहेको उनको भनाइ छ ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ । तीन वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नैपर्ने दश गन्तव्य सूचीमा राखेको थियो । गत कात्तिकमा नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविर पुगेपछि त्यस क्षेत्रले थप चर्चा पाएको थियो ।

अमेरिकी सञ्चारमाध्यम 'द न्युयोर्क टाइम्स'ले सन् २०२४ मा घुम्न उपयुक्त विश्वभरका ५२ ठाउँको सूचीमा समावेश गरेको मुस्ताङ पनि अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्छ । यसअघि अमेरिकाकै अर्को समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा मुस्ताङ उपत्यकालाई समेटेको थियो । *रासस*


## चुलाचुली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

ईलाम, प्रदेश नं.१, नेपाल

'बालमैत्री पद्धति र व्यवहार, समृद्ध चुलाचुलीको आधार'

### चुलाचुली गाउँपालिकाबासीहरुमा सादर अनुरोध

चुलाचुली गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबद्ध तबरले कार्यसञ्चालन गर्दै आएको छ ।

आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् ।

बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि चुलाचुली बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान चुलाचुली गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरुलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरुलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरुलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकर्मीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरुको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरुलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरु आफैंबाट सुरुवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरुपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र २०७८ साल वैशाखभित्र बालमैत्री स्थानीय शासनयुक्त चुलाचुली गाउँपालिका बनाउँदै सभ्यताको परिचय दिऔं

!! जय बालमैत्री, जय बालबालिका !!


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ